मिति: २०८२/१/२५ (बिहीबार)

बैठक संख्या: ५९ औं

स्थान: बेसीशहर नगरपालिकाको सभाहल

समय : दिनको ११.३० बजे

बेसीशहर नगरपालिका, नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ५९ औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ।

**उपस्थिति:**

| क्र सं | पद | | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | नगर प्रमुख | गुमानसिंह अर्याल | |
| २ | उपाध्यक्ष | नगर उपप्रमुख | पद्मा गुरुङ | |
| ३ | सचिव | प्रमुख प्रशासकीय अधिकृत | चेतनाथ अर्याल | |
| ४ | सदस्य | वडाध्यक्ष (वडा नं.१) | दुर्गा बहादुर बुढाथोकी | |
| ५ | सदस्य | वडाध्यक्ष (वडा नं.२) | मदन बहादुर राना | |
| ६ | सदस्य | वडाध्यक्ष (वडा नं.३) | चित्र बहादुर दनाई | |
| ७ | सदस्य | वडाध्यक्ष (वडा नं.४) | गम बहादुर गुरुङ | |
| ८ | सदस्य | वडाध्यक्ष (वडा नं.५) | इन्द्र बहादुर गुरुङ | |
| ९ | सदस्य | वडाध्यक्ष (वडा नं.६) | प्रकाश थापा | |
| १० | सदस्य | वडाध्यक्ष (वडा नं.७) | ऋषिराम बस्नेत | |
| ११ | सदस्य | वडाध्यक्ष (वडा नं.८) | पवित्रा थापा राना | |
| १२ | सदस्य | वडाध्यक्ष (वडा नं.९) | खुशीजङ गुरुङ | |
| १३ | सदस्य | वडाध्यक्ष (वडा नं.१०) | गंगा बहादुर थापा | |
| १४ | सदस्य | वडाध्यक्ष (वडा नं.११) | शिव प्रसाद जोशी | |
| १५ | सदस्य | कार्यपालिका सदस्य | हिरालाल विश्वकर्मा | |
| १६ | सदस्य | कार्यपालिका सदस्य | श्रीनाथ दुलाल | |
| १७ | सदस्य | कार्यपालिका सदस्य | कल्पना थापा बोहरा | |
| १८ | सदस्य | कार्यपालिका सदस्य | विमला न्यौपाने अधिकारी | |
| १९ | सदस्य | कार्यपालिका सदस्य | सुकमाया गुरुङ | |
| २० | सदस्य | कार्यपालिका सदस्य | सुकमाया घर्ती | |
| २१ | सदस्य | कार्यपालिका सदस्य | मनिता परियार | |
| | | **सहजकर्ता कर्मचारी** | | |
| १ | कार्यक्रम अधिकृत | | मेघेन्द्र पोखरेल | |
| २ | प्रशासकीय अधिकृत | | दिपेश अधिकारी | |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/१/२५ को बैठक

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**
**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

**नगर कार्यपालिकाको मिति २०८२/१/२५ को बैठकका प्रस्तावहरु**

१. अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयन समीक्षा सम्बन्धमा।
२. आर्थिक वर्ष २०८२/८३ को योजना तर्जुमा कार्यतालिका सम्बन्धमा ।
३. संशोधित अवधारणा पत्र पेश गरिएको सम्बन्धमा ।
४. चालु आ.व.को अ.ल्या थप बजेटतर्फका आयोजना सम्बन्धमा ।
- समपुरक थप बजेट (अघिल्लो बैठकबाट निर्णय भएको)
- १० नं वडा कार्यालय

५. अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा ।
६. सार्वजनिक सुनुवाईको प्रतिवेदन सम्बन्धमा ।
७. चालु आ.व. को मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमको सम्बन्धमा ।
८. आयोजनाको ठेक्का सम्झौताको म्याद थप सम्बन्धमा ।
- धुरपुरे-दिहीथोक-विम्दा सडक आयोजना

९. आयोजना/कार्यक्रम संशोधन सम्बन्धमा ।
१०. प्राकृतिक श्रोत उपयोग कर सम्बन्धमा।
११. अस्थायी क्रसर प्लान्ट सञ्चालनको म्याद थप सम्बन्धमा ।
१२. पशुपंक्षी तथा मत्स्य विकास तर्फको कार्यक्रम रकमान्तर सम्बन्धमा ।
१३. राजश्व परामर्श समितिको बैठकका निर्णयहरु सम्बन्धमा ।
१४. शिक्षा अधिकृतको स्थायी नियुक्ति अनुमोदन सम्बन्धमा ।
१५. विविध
- आयोजना/कार्यक्रम सम्झौताको म्याद थप सम्बन्धमा ।
- वडा नं २ को ज्यालादारी कार्यालय सहयोगीको सम्बन्धमा ।

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं.१: अघिल्लो बैठकका निर्णयहरुको समिक्षा सम्वन्धमा ।**

मिति २०८१/१२/२८ को नगर कार्यपालिका बैठकले गरेका निर्णय कार्यान्वयनको प्रगति अवस्थाका बारेमा यस बैठकमा समिक्षा गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/१/२५ को बैठक

**निर्णय नं.२: आर्थिक वर्ष २०८२/८३ को योजना तर्जुमा कार्यतालिका सम्बन्धमा ।**

आगामी आर्थिक बर्ष २०८२/८३ को बार्षिक कार्यक्रम तथा बजेट तर्जुमाको सन्दर्भमा देहाय अनुसारको कार्यक्रम देहायको मितिमा सञ्चालन गर्ने निर्णय गरियो ।

१. राजश्व परामर्श समितिको बैठकः २०८२/१/२२ (सम्पन्न भैसकेको) र २०८२/२/१६
२. सुझावको लागि सार्वजनिक सूचना मार्फत आह्वानः २०८२/२/१
३. पूर्व बजेट छलफल गोष्ठीः २०८२/२/१
४. गैससहरुलाई कार्यक्रम तथा बजेट पेश गर्न सूचना मार्फत आह्वानः२०८२/२/५
५. श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठकः२०८२/२/५
६. बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारणका आधार, बजेट सीमा र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शनको लागि कार्यपालिका बैठकः २०८२/२/८
७. वडा र समितिहरुमा बजेट सीमा र मार्गदर्शन पठाउनेः २०८२/२/११
८. वडाहरुमा बस्ती/टोलस्तरीय भेलाः २०८२/२/१५ भित्र
९. वडास्तरीय योजना तर्जुमा गोष्ठीः २०८२/२/२० भित्र
१०. विषयगत समितिहरुको बैठकः
    - आर्थिक विकास समितिः २०८२/२/२१
    - सामाजिक विकास समितिः २०८२/२/२१
    - पूर्वाधार विकास समितिः २०८२/२/२२
    - वन,वातावरण तथा विपद् व्यवस्थापन समितिः २०८२/२/२२
    - संस्थागत विकास, सेवा प्रवाह र सुशासन समितिः २०८२/२/२३
११. बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठकः २०८२/२/२९
१२. नगर कार्यपालिका बैठकः २०८२/३/४
१३. नगरसभाको १७ औं अधिवेशनको पहिलो बैठकः (नीति, कार्यक्रम तथा बजेट पेश) २०८२/३/ ९

**निर्णय नं.३ः संशोधित अवधारणा पत्र पेश गरिएको सम्बन्धमा ।**

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश पोखराको मिति २०८१/१२/२२ गतेको नवप्रवर्तन साझेदारी कोष कार्यान्वयनका लागि अवधारणा-पत्र पेश गर्ने सम्बन्धी सूचना अनुसार नगर कार्यपालिकाको मिति २०८१/१२/२८ गतेको बैठकको निर्णय नं. ५ (अनुसूची समेत) बमोजिम नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८२/०१/०५ मा पेश गरिएको "मौरीजन्य उत्पादनको प्रवर्द्धन, प्रशोधन तथा बजारीकरणमा नवप्रवर्तन विस्तार कार्यक्रम" शीर्षकमा संघीय मामिला तथा सामान्य

गुमान सिंह अर्याल
नगर प्रमुख

प्रशासन मन्त्रालयले जारी गरेको नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका,२०७८ अनुसार संशोधन आवश्यक देखिएकोले उक्त बैठकबाट गठन गरिएको कार्यान्वयन समितिलाई यथावत राखी साविककै शिर्षकमा बजेट तथा कार्यान्वयन अवधीमा आवश्यक संशोधन गरी परियोजनाको कुल अवधी २ आर्थिक वर्ष राखी, कूल लागत अनुमान रकम रु. २,००,०८,५००।- (दुई करोड आठ हजार पाँच सय) कायम गरी, कुल लागत अनुमानको ३०% बराबर हुन आउने रकम रु.६०,०२,५५०।- (साठी लाख दुई हजार पाँच सय पचास मात्र) नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ र २०८३/८४ को बजेटबाट व्यहोर्ने गरी पेश गरिएको संशोधित प्रस्तावनालाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४: चालु आ.व.को अ.ल्या थप बजेटतर्फका आयोजना सम्बन्धमा ।**

गत नगरसभाको १६औं अधिवेशनबाट पारित भए वमोजिम आन्तरिक आय (अ.ल्या.) तर्फको थप रकम रु. १,२२,८०,२२३।- (एक करोड बाइस लाख असी हजार दुई सय तेइस मात्र) को सम्बन्धमा मिति २०८१/१२/२८ को कार्यपालिका बैठकको निर्णय नं ३ (क) मा समेत संशोधन गरी देहाय अनुसार विनियोजन गर्ने निर्णय गरियो ।

(क) धुरपुरे-दिहीथोक-विम्दा-बाखेजगत सडक आयोजना (संघीय समपुरक थप रकम) रु. १,०२,८०,२२३।-( एक करोड दुई लाख असी हजार दुई सय तेइस मात्र)

(ख) १० नं वडा कार्यालय निर्माण (प्रदेश सरकारसंग लागत साझेदारी) रु. २०,००,०००।(वीस लाख मात्र)

**निर्णय नं.५: अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा ।**

नगर उपप्रमुख श्री पद्मा गुरुङबाट बेसीशहर नगरपालिकाद्वारा चालु आर्थिक वर्ष २०८१/८२ मा सञ्चालन गरिएका पूर्वाधारजन्य आयोजनाहरु र सञ्चालन भई रहेका युवा सीपमूलक तालिम कार्यक्रमको अनुगमन प्रतिवेदन यस कार्यपालिका बैठकमा पेश भई उक्त प्रतिवेदनमाथि आवश्यक छलफल भयो ।

**निर्णय नं.६: सार्वजनिक सुनुवाईको प्रतिवेदन सम्बन्धमा ।**

मिति २०८१ चैत ९ गते शनिबारका दिन वेसीशहर नगरपालिका-२ भकुण्डेमा आयोजना गरिएको सार्वजनिक सुनुवाई कार्यक्रमको अन्तिम प्रतिवेदन प्राप्त भएको हुँदा सो प्रतिवेदनमा उल्लेख भएका विषयबस्तुको बारेमा यस कार्यपालिका बैठकमा आवश्यक छलफल भयो साथै आगामी दिनमा प्राप्त भएका भएका सुझावहरुलाई कार्यान्यनमा लैजाने निर्णय गरियो ।

**निर्णय नं.७: चालु आ.व. को मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमको सम्बन्धमा ।**

कार्यालयको मिति २०८१/१२/२९ मा प्रकाशित "Development of Digital Palika: A Comprehensive Office Management System and Mobile Application" शीर्षकमा प्रकाशित EOI , " Development of Digital School: A Comprehensive School Management System" शिर्षकमा प्रकाशित RFP र "Procurement and supply of various electronics items" शिर्षकमा प्रकाशित बोलपत्र तल उल्लेखित विभिन्न कारणहरूले गर्दा रद्द गर्ने निर्णय गरियो।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/१/२५ को बैठक

- परियोजनाको प्राथमिकता पुनःसमिक्षा आवश्यक देखिएको।
- प्राविधिक दायरा स्पष्ट नहुँदा प्रस्ताव मूल्याङ्कनमा अप्ठ्यारो हुने देखिएको।
- परियोजनाको समयसीमा अत्यन्तै छोटो भएकोले नयाँ प्रणाली शून्यबाट विकास गरी गुणस्तरीय रूपमा कार्यान्वयन गर्न सम्भव नदेखिएको।
- विकासकर्ताहरूका तर्फबाट न्यायसंगत प्रतिस्पर्धा तथा सहभागीता सुनिश्चित नहुने अवस्था सिर्जना भएको छ, जसले *पूर्व-विकसित (pre-developed)* प्रणाली भएका ठूला कम्पनीहरूलाई मात्र लाभ दिने अवस्था बनाएको।
- डिजिटल पालिका जस्तो दीर्घकालीन प्रणालीको गुणस्तर, सुरक्षा र स्थायित्व सुनिश्चित गर्न पर्याप्त अध्ययन र समय आवश्यक देखिएको ।
- हालको समयावधि (१ महिना) प्राविधिक दृष्टिकोणले अव्यवहारिक भएकाले वास्तविक विकासकर्ताहरूको सहभागिता निरुत्साहित हुने सम्भावना देखिएको ।

आगामी आर्थिक वर्ष यथोचित तयारी, प्राविधिक परामर्श तथा आवश्यकता विश्लेषणपछि पुनः टेन्डर प्रकृया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.८ः आयोजनाको ठेक्का सम्झौताको म्याद थप सम्बन्धमा ।**

संघीय समपुरक तर्फको धुरपुरे-दिहीथोक-विम्दा सडक आयोजनाको ठेक्का सम्झौताको म्याद म्याद समाप्त भएकै मितिदेखि लागु हुने गरी २०८२/३/१५ सम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.९ः आयोजना/कार्यक्रम ब्रेकडाउन/संशोधन/एकिकरण सम्बन्धमा ।**

चालु आ.व. २०८१/८२ का लागि स्वीकृत भएका देहाय वमोजिमका वडास्तरीय आयोजना तथा कार्यक्रमलाई देहाय वमोजिम संशोधन/ब्रेकडाउन गर्ने निर्णय गरियो ।

देहायः

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| १.विविध तथा फुटकर कार्यक्रमहरु, बेनपा-२ | २ लाख ३० हजार ९१२ | १.वडा आवधिक योजना र आगामी योजना सम्बन्धी कार्यशाला गोष्ठी, बेनपा-२ | ९१ हजार |
| २.फुटकर योजना तथा कार्यक्रम, बेनपा-७ | १० लाख ५६ हजार ५७५ | २.गोपी गुरुङको घर अगाडि नाला मर्मत, बेनपा-७ | २० हजार |
| ३.फुटकरतर्फ बेनपा-१० | ७ लाख ५० हजार २६ | ३.सुनौला हजार दिनका आमाहरुलाई पोषण प्याकेज प्याकेज वितरण, बेनपा-१० | ७५ हजार २६ |
| ४.रामचोकबेसी प्रहरी विट निर्माण, बेनपा-११ | ३ लाख | ४.तिलाहार बजार नाला व्यवस्थापन, बेनपा-११ (मिति २०८१/१२/१० | २५ हजार |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/१/२५ को बैठक

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| | | को कापा बैठक को नि नं ८.१.२ संशोधन भएको) | |
| ५.फोहरमैला व्यवस्थापन, बेनपा-११ | ६५ हजार | ५.फोहरमैला व्यवस्थापक शंकर बहादुर सार्की पारश्रमिक (६ महिनाको) बेनपा ११ | ३० हजार |

**निर्णय नं.१०: प्राकृतिक श्रोत उपयोग कर सम्बन्धमा।**

संघीय तथा प्रदेश सरकार अन्तर्गत यस बेसीशहर नगरपालिका क्षेत्रमा निर्माण व्यवसायी/उपभोक्ता समितिद्वारा निर्माण हुने सडक लगाय0 तका पूर्वाधारजन्य आयोजनाहरुमा नगरपालिका क्षेत्रभित्रबाट उत्खनन् र संकलन गरी प्रयोग गरिने ढुंगा लगायतका प्राकृतिक श्रोतहरुको स्थानीय तहहरुमा बुझाउनु पर्ने कर राजश्व बुझाएर मात्र श्रोत उपयोग गर्नु पर्नेमा सो हुन नसकेको हुँदा यसका सम्बन्धमा सम्बन्धित पक्षको ध्यानकर्षण गराउने निर्णय गरियो ।

**निर्णय नं.११: अस्थायी क्रसर प्लान्ट सञ्चालनको म्याद थप सम्बन्धमा ।**

नगर कार्यपालिकाको मिति २०७९/८/२७ गतेको बैठकको निर्णय समेतका आधारमा पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजनाको निर्माण सामाग्रीको उपलब्धताको लागि निर्माण कार्यमा संलग्न निर्माण व्यवसायी श्री कन्टेक प्रा.लि.द्वारा बेनपा-१ रिठ्ठेबगरमा अस्थायीरुपमा स्थापना भई सञ्चालन भएको क्रसर प्लान्टको म्याद थप सम्बन्धमा नेपाल सरकार,भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग, पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना निर्देशनालय, पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय पालुङटार गोर्खाको च.नं ३३४ मिति २०८२/१/३ को प्राप्त पत्रका सम्बन्धमा यस बैठकमा छलफल हुँदा पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय, पालुङटार अन्तर्गत निर्माण कार्य भैरहेको ठेक्का नं MIDHLPD/337011144/2078-79/303 (Widening & Improvement of Pushpalal(Midhill) Highway along Paudidhik-Sundarbazar-Kirinche Road Section,Lamjung) सडक खण्डको लागि आवश्यक निर्माण सामाग्री उत्पादन र प्रशोधनका लागि उक्त अस्थायी क्रसर प्लान्टको म्याद अन्तिम पटकका लागि मिति २०८२ असार मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२: पशुपंक्षी तथा मत्स्य विकास तर्फको कार्यक्रम रकमान्तर सम्बन्धमा ।**

नगरपालिका तर्फको चालु आर्थिक वर्ष २०८१/८२ को पशुसेवा तर्फको स्वीकृत वार्षिक कार्यक्रममध्ये देहायको कार्यक्रम देहाय अनुसार संशोधन/रकमान्तर गर्ने निर्णय गरियो ।

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| १.फार्म यान्त्रिकरण प्रवर्द्धन कार्यक्रम | ४ लाख | १.Cow Mat वितरण कार्यक्रम (खर्च भई बाँकी रहेको रकमबाट) | २ लाख ७२ हजार |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८२/१/२५ को बैठक

**निर्णय नं.१३: राजश्व परामर्श समितिको बैठकका निर्णयहरु सम्बन्धमा ।**

राजश्व परामर्श समितिको मिति २०८२/१/२२ को बैठकले गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४: शिक्षा अधिकृतको स्थायी नियुक्ति अनुमोदन सम्बन्धमा ।**

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश पोखराको च.नं ७४५ मिति २०८२/१/५ को उम्मेदवार सिफारिस गरी पठाइएको सम्बन्धी प्राप्त पत्रानुसार छत्रदेव गाउँपालिका-७,अर्घाखाँची स्थायी ठेगाना भएका श्री इश्वरी प्रसाद पाण्डे स्थानीय प्रशासन सेवा, शिक्षा प्रशासन समुह अन्तर्गत शिक्षा अधिकृत सातौं तहमा सिफारिस भई आउनु भएको र निजले स्थायी नियुक्तिको लागि निवेदन पेश गर्नु भएको हुँदा गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६ वमोजिम मिति २०८२/१/९ मा प्रमुख निमित्त प्रमुख प्रशासकीय अधिकृतबाट स्थायी नियुक्ति दिने गरी भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५: आयोजना/कार्यक्रम सम्झौताको म्याद थप सम्बन्धमा ।**

नगर कार्यपालिकाको कार्यालयबाट चालु आर्थिक वर्ष २०८१/८२ मा सञ्चालन गरिने आयोजना तथा कार्यक्रम सम्झौताको म्याद २०८२ जेष्ठ मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६: वडा नं २ को ज्यालादारी कार्यालय सहयोगीको सम्बन्धमा ।**

२ नं वडा कार्यालयमा कार्यरत कार्यालय सहयोगी (स्थायी) श्री सुनिता तामाङ उपचार पछि कार्यालयमा हाजिर भई नियमित कामकाज गर्न थाल्नु भएको हुँदा ज्यालदारीमा राखिएको कार्यालय सहयोगीको मिति २०८२/१/१९ सम्मको पारिश्रमिक भुक्तानी दिने र वहाँले पुर्याउनु भएको सेवा प्रति धन्यवाद दिने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख